# गुलरिया नगरकार्यपालिकाको बैठकका निर्णयहरु

## बैठक नं. ६०, २०७९-२०८४

मिति २०८२।०८।२९ गते

**निर्णय नं. १**

गुलरिया नगरपालिकाको ५९औं कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

यस गुलरिया नगरपालिकाको १४ औं नगरसभाबाट स्थानीय तहको साझेदारीमा भवन निर्माण शिर्षक अन्तर्गत ४ कोठे भवन निर्माणका लागि २ वटा विद्यालयहरु क्रमशः श्री त्रिशक्ति मा.वि. गुलरिया-१ र श्री शम्भुशरण मा.वि. खैरापुर निर्णय भएकोमा शिक्षा तथा मानव श्रोत विकास केन्द्र भक्तपुरको च.नं. १८४ मिति २०८२।०८।२२ को पत्रानुसार विद्यालय भौतिक पूर्वाधार गुरुयोजनाको अनुसूची १ वमोजिम उल्लेखित विद्यालय मध्ये श्री शम्भुशरण मा.वि. अनुसूचीमा नपरेकोले एवम् आवश्यक्ता र औचित्यताको आधारमा श्री ध्रुब उच्च मा.वि. तुल्सिपुर विद्यालय अनुसूची १ मा प्राथमिकतामा परेकोले स्थानीय तहको साझेदारीमा श्री त्रिशक्ति मा.वि गुलरिया-१ र श्री ध्रुब उच्च मा.वि तुल्सिपुर-४ को स्थानीय तहको साझेदारीमा भवन निर्माण शिर्षक अन्तर्गत भवन निर्माण कार्य आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

गुलरिया नगरपालिका २ नं. वडा कार्यालयबाट पेश भएको च.नं. ३७६ मिति २०८२।०८।२६ गतेको पत्रानुसार वडा स्तरीय कार्यक्रम अति विपन्न व्यक्तिहरुलाई औषधी उपचार सहायतामा विनियोजित बजेटबाट सिफारिस भएको रकम गर्न स्विकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

गुलरिया नगरपालिका ४ नं. वडा कार्यालयबाट पेश भएको च.नं. ५९६ मिति २०८२।०६।२३ गतेको पत्रानुसार वडा स्तरीय कार्यक्रम विपद् व्यवस्थापन शिर्षकको विनियोजित बजेटबाट सिफारिस भएको रकम रु. २०,०००।- भुक्तानिका लागि स्विकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

गुलरिया नगरपालिकाको बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।